**बैठक संख्याः१२**

आज मिति २०७९ साल पौष २७ गते बुधबारका दिन बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री रमेश कार्की ज्यूको अध्यक्षतामा निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक नगर सभा हलमा बिहान ११:०० बजे बसी निम्न अनुसारका निर्णयहरु गरियो ।

## उपस्थिति

| | |
|---|---|
| १. नगर प्रमुख- श्री रमेश कार्की | अध्यक्ष |
| २. उप- प्रमुख - श्री नन्द कुमारी सुनुवार | सदस्य |
| ३. वडा अध्यक्ष, वडा नं १ - श्री किसन थापा | सदस्य |
| ४. वडा अध्यक्ष, वडा नं २ - श्री होम प्रसाद गौतम | सदस्य |
| ५. वडा अध्यक्ष, वडा नं ३ - श्री राजदिप लामा | सदस्य |
| ६. वडा अध्यक्ष, वडा नं ४ - श्री आसाराम चौधरी | सदस्य |
| ७. वडा अध्यक्ष, वडा नं ५ - श्री रोहित काफ्ले | सदस्य |
| ८. वडा अध्यक्ष, वडा नं ६ - श्री उद्धब प्रसाद पोखरेल | सदस्य |
| ९. वडा अध्यक्ष, वडा नं ७ - श्री कपिल आचार्य | सदस्य |
| १०. वडा अध्यक्ष, वडा नं ८ - श्री रोशन खड्का | सदस्य |
| ११. वडा अध्यक्ष, वडा नं ९ - श्री निरञ्जन मण्डल चन्द्रबंशी | सदस्य |
| १२. वडा अध्यक्ष, वडा नं १० - श्री तेज बहादुर गुरुङ्ग | सदस्य |
| १३. वडा अध्यक्ष, वडा नं ११ - श्री कृष्ण कुमार महतो | सदस्य |
| १४. कार्यपालिका सदस्य - श्री पंकज कुमार महतो | सदस्य |
| १५. कार्यपालिका सदस्य - श्री बिष्णु कुमारी बिष्ट | सदस्य |
| १६. कार्यपालिका सदस्य - श्री मालति बिश्वकर्मा | सदस्य |
| १७. कार्यपालिका सदस्य - श्री दुर्गा राई | सदस्य |
| १८. कार्यपालिका सदस्य - श्री नविन बि.क. | सदस्य |
| १९. कार्यपालिका सदस्य - श्री भगवति कटुवाल खड्का | सदस्य |
| २०. कार्यपालिका सदस्य - श्री रत्न बहादुर रम्तेल | सदस्य |
| २१. कार्यपालिका सदस्य - श्री सुष्मा माझी | सदस्य |
| २२. प्रमुख प्रशासकीय अधिकृत - श्री ऋद्धि प्रकाश सिटौला | सदस्य-सचिब |

**आमन्त्रित**

१. लेखा अधिकृत - श्री वीरेन्द्र यादव

२. अधिकृत छैटौं प्रशासन शाखा प्रमुख - श्री राजकुमार गौतम

३. सूचना प्रविधि अधिकृत - श्री पुकार पोखरेल

**प्रस्तावहरुः-**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. स्थानीय तह संस्थागत क्षमता स्व मुल्याङ्कनको नतिजा सार्वजनिक गर्ने सम्बन्धमा ।

३. स्थानीय भु-उपयोग परिषद गठन गरि क्षेत्र निर्धारण गर्ने सम्बन्धमा ।

४. करारका कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा ।

५. हिउँदे नगर सभाको मिति तय गर्ने सम्बन्धमा ।

६. कार्यविधी सम्बन्धमा ।

७. योजना माग गर्ने सम्बन्धमा ।

८. बिबिध ।

**निर्णयहरुः-**

१. प्रस्ताव नं १ उपर छलफल हुँदा मिति २०७९ मङ्गसिर २९ गते बसेको कार्यपालिका बैठकको समिक्षा गरी सो बैठकमा भएका निर्णयहरुको कार्यान्वयन सन्तोषजनक भएको निर्णय गरीयो ।

२. प्रस्ताव नं २ उपर छलफल हुँदा स्थानीय तह सँस्थागत क्षमता स्वः मुल्याङ्कन (LISA) को नतिजा प्रकाशन गर्ने सर्वसम्मतले निर्णय गरीयो ।

३. प्रस्ताव नं ३ उपर छलफल हुँदा बराहक्षेत्र नगरपालिकाको स्थानीय भु-उपयोग परिषद देहाय बमोजिम रहने गरी गठन गर्ने निर्णय गरीयो ।

| | |
|---|---|
| क) नगर प्रमुख श्री रमेश कार्की | अध्यक्ष |
| ख) १ देखि ११ सम्म का सम्पूर्ण वडा अध्यक्षहरु | सदस्य |
| ग) बराहक्षेत्र नगरपालिका कृषि शाखा प्रमुख श्री तुलसा लिम्बु | सदस्य |
| घ) बराहक्षेत्र नगरपालिका योजना शाखा प्रमुख श्री राम ढकाल | सदस्य |
| ङ) सरोकारवाला निकायबाट श्री अनु गुरुङ्ग वडा नं ७ | सदस्य |
| श्री खेम थापा वडा नं ८ | सदस्य |

श्री अशोक खड्का वडा नं २ सदस्य

श्री तुलसा धमला वडा नं ११ सदस्य

च) प्रमुख प्रशासकीय अधिकृत श्री ऋद्धि प्रकाश सिटौला सदस्य सचिब

साथै स्थानीय तहको भू-उपयोग नक्शा तथा भुमि वर्गिकरण प्रतिबेदन तयार पार्नका लागि परामर्शदाताको रुपमा नगरमा सूचिकृत भएका परामर्शदाताको छनौट गरी जिम्मेवारी दिने निर्णय गरीयो ।

४) प्रस्ताव नं ४ उपर छलफल गर्दा बराहक्षेत्र नगरपालिका भित्र कार्यरत देहायका करारका कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कनको आधारमा २०८० असार मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरीयो ।म्याद थप भएका करारका कर्मचारीको हकमा कार्यालयलाई असर पर्ने कुनै किसिमका कार्यहरु गरेको पाइएमा आवश्यकता अनुसार करारको म्याद सम्झौता भङ्ग गर्नका लागि सिफारिस गर्ने निर्णय गरीयो । साथै कार्यालयमा कार्यरत कर्मचारीहरुको आवश्यकता अनुसार आन्तरिक सरुवा गर्ने निर्णय गरीयो ।

५) प्रस्ताव नं ५ उपर छलफल गर्दा बराहक्षेत्र नगरपालिकाको हिउँदे नगर अधिबेशन २०७९ माघ ७ गते शनिबारको दिन नगर सभाहलमा गर्ने निर्णय गरीयो ।

६) प्रस्ताव नं ६ उपर छलफल गर्दा बराहक्षेत्र नगरपालिकाको देहायका कार्यविधीहरु पास गर्ने सर्वसम्मतले निर्णय गरीयो ।

क) बराहक्षेत्र नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यविधी-२०७९

ख) बराहक्षेत्र नगरपालिकाको सामाजिक परिक्षण कार्यविधी-२०७९

७) बराहक्षेत्र नगरपालिकाको दक्षिण गेट (सानो) गेट नगर अस्पतालको प्रवेशद्धार देखि वडा नं ६ को कार्यालय हुँदै सुनसरी मोरङ्ग सिँचाइ आयोजनको नहर सम्म जाने सडक स्तोरन्नती गर्नका लागि सडक बोर्ड नेपालसँग योजना माग गर्ने निर्णय गरीयो ।

८) प्रस्ताव नं ६ उपर छलफल गर्दा देहाय बमोजिमका निर्णयहरु सर्व सम्मत रुपले पारित गरीयो ।

क) धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यलयबाट च.नं ४३०४ मिति २०७९/०९/२४ गते आवश्यक जग्गा उपलब्ध गराईदिने सम्बन्धमा प्राप्त पत्रको सम्बन्धमा दुई नगरपालिका बिचमा सर्वदलिय, सर्वपक्षिय भेला बसी आवश्यक पहल गर्ने ।